# परवानीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लिपनीमाल, बारा

आ.व. २०७९/०८० को लागि प्रस्तुत नीति तथा कार्यक्रम
सभाबाट स्विकृत मिति २०७९/०३/३० गते

CamScanner

# परवानीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लिपनीमाल, बारा

आ.व. २०७९/०८० को लागि प्रस्तुत नीति तथा कार्यक्रम
२०७९/०३/१० गते

**वक्तव्य**

नेपाल सार्वभौमसत्ता, स्वाधीन्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागी भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५, ६६ र ६७ बमोजिम गठित क्रमश स्थानीय राजस्व परामर्श समिति ,श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त प्रतिवेदनहरुलाई मध्यनजर गरी स्थानीय जनतालाई सुलभ, गुणस्तरीय र पार्दशी सेवा प्रवाह गर्नको लागि तथा दिगो विकासको अवधारण अनरुप समाजवाद उन्मूख शासन प्रणालीलाई व्यवस्थीत गर्न श्री राष्टिय योजना आयोगको पन्धौ योजना र संयूक्त राष्टसंघको (Sustainable Development Goals) का मानयता : गरिवी निवारण ,गुणस्तरीय शिक्षा आदि समेतको मान्यतालाई ध्यानमा राखी यस परवानीपुर गाँउकार्यपालिकाले स्वीकृतीको लागि गाउँ सभामा पेश गरेको छ। यस गाउँपालिकाको बजेट निर्माण गर्ने क्रममा चालू आ. व. को नीति तथा कार्यक्रमको प्रस्ताव तयार तथा प्राथमीकिकरण गर्ने कार्यको निमित यस समितिले आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा यो प्रतिवेदन पेश गरेको छ । नवगठित गाउँपालिकामा जनशक्ति अभाव, पर्याप्त ऐन, कानून समेत भइनसकेको परवानीपुर गाउँपालिकाको सर्वांगीण विकासमा सहयोग पुर्याउनेछ भन्ने आश लिएको छु ।यो नीती तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने तथा अमूल्य विचार तथा सुझाव दिनुहुने यस समितिका सदस्यहरु तथा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले गाउपालिकाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

यस परवानीपुर गाँउपालिका समाजको आधुनिकीकरण, शहरीकरण र विस्तारित एवं सोका प्रभावकारी व्यवस्थापनको लागी सडक व्यवस्थापन, नयाँ सडक निर्माण, खानेपानी, ढलनिकास, कृषि वन विकास, यूवा स्वरोजगार, फोहोरमैला व्यवस्थापन, र शहरी वातावरण एवं पर्यटन, सुशासन तथा सामाजिक जवाफदेहिता

CamScanner

लगायतका क्षेत्रहरुमा निरन्तर अध्ययन अनुसन्धान र सुधारका आवश्यकताहरुलाई मनन गरी विगतका वर्षहरुमा सो क्षेत्रमा सुधारका लागि सक्दो प्रयास गरिदै आईएको अवस्था र सो बाट प्राप्त भएका प्रतिफलहरु बारे सर्वविदितै छ ।

चालु आ.व. २०७९/०८० को गाँउ विकास योजना तर्जुमा गर्ने सिलसिलामा वस्ती तथा वडा स्तरिय मांग संकलन, प्राथमिकिकरण राजनितिक दल तथा सरोकारवालाहरुको औपचारिक, अनौपचारिक परामर्श सक्रिय एवम रचनात्मक सहभागिता विभिन्न विषयगत कार्यालयहरुको औपचारिक परामर्श एवं वडा समितिको बैठक हुदै विभिन्न विषयगत समिति एवं बजेट तर्जुमा समितिको बैठक तथा गाउँ कार्यपालिकाको बैठक सम्पन्न भइ आएका बस्ती स्तर, वडा स्तर र गाउँ स्तर तथा प्रदेश र केन्द्र स्तरमा सिफारिश गर्न सकिने खालका आवश्यक्ता र चाहनालाई यस गाउँ सभामा सम्बोधनको लागि प्रस्ताव गरेका छौ ।

आम नागरिकको बिश्वास एवं मुल्य मान्यताको पुर्ण रुपमा संरक्षण गर्नुपर्ने चुनौतीलाई महसुस गरी राजनितिक दल, नागरिक समाज , बुद्धिजीवीहरुको सुझाव, सल्लाह र परामर्श लिनुका सथै स्थानिय सरकार संचालन ऐन २०७४ र आर्थिक कार्यविधि ऐन २०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकार, मधेश प्रदेश बाट प्राप्त नीति निर्देशनको अधिनमा तयार भएको निति तथा कार्यक्रम पेश गरेको छु ।

**आदरणीय महानुभावहरु**

**प्रस्तावित मूल नीति तथा कार्यक्रमहरु यस प्रकार रहेका छन ।**

**नीति तथा कार्यक्रम**

- यस गाँउपालिकाको सबै वडाहरुमा स्थानीय जनताको आवश्यकतामा आधारित क्षेत्रगत तथा सन्तुलित विकासका लागि ५ वर्षे आवधिक योजना तथा डिजिटल प्रोफाईल निर्माण गरी वार्षिक लक्ष्यको आधारमा चौतर्फी विकासका गतिविधिहरु संचालन गर्ने उद्देश्यले ५ वर्षे आवधिक योजना तथा डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित गराई आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।
- रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नतिसमृद्दि एवं विकासको दूरदृष्ट ,प्रगति ,ी तय गरी योजनाबद्ध तरिकाले अगाडि वढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल निर्माण गरी गाउँपालिकाको बहु वर्षीय गुरू योजना तयार गरिनेछ ।
- समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिकनिजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ , ।गाउँपालिका भित्रका सम्पुरण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमनसुपरिवेक्षण , गरिनेछ ।
- वजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहनाअपेक्षालाई हासिल गर्ने गरी , कार्यक्रम तय गरिनेछ ।
- कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी ,बाली , संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको ,नर्शरीहरुलाई संरक्षण ,फलफुल ,नगदेवाली आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै नगदेवाली उत्पादन ,फलफुल ,गुणस्तरीय तरकारीर वेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

CamScanner

- परवानीपुर गाउँवासीको जीवनस्तरमा सुधार ल्याउन कृषि उपजमा आधारित उद्योग तथा कलकारखानाहरुको क्रमश स्थापना तथा विकासका लागि आवश्यक पहल गर्दै लगिनेछ ।
- एक वडा एक उत्पादन उत्पादन वृ . कार्यक्रम मार्फत रोजगारी वृद्धि (owop)द्धि तथा कृषीलाइ व्यवथापिकरण तर्फ लगिने छ.।
- विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।
- कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई आत्मसात गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।
- गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ।
- गाउँपालिकामा रहेका प्राकृतिक श्रोत जिल्ला, साधन लगायतको संरक्षण र सम्वर्द्धन गर्न गाउपालिका स्तरीय , स्तरीय प्रदेश स्तरीय तथा केन्द्र स्तरीय निकायहरू संपहल गरिने छ ।,
- बालविवाह तथा बालश्रम एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लबअन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने , कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

- पिछडिएका क्षेत्र वर्ग समुदायको आर्थिक, समाजिक तथा राजनितिक विकासको लागि गाँउ नगर साझेदारी कार्यक्रम मार्फत आय आर्जन सामाजिक परिचालन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण , बाल मैत्री स्थानीय शासन , वातावरण मैत्री स्थानीय शासन, सामाजिक जवाफदेहिता, वन विकास, जलवायु परिर्वतन, शुद्ध खानेपानी तथा खुल्ला दिशामुक्त तथा पुर्ण सरसफाई जस्ता अन्तर सम्बन्धित कार्यक्रमहरु संचालनमा निरन्तरता दिईनेछ ।
- कृषि, वन लगायतका अन्य क्षेत्रहरुसंग सम्बन्धित आय आर्जन, उद्यम विकास तथा सिपमुलक कार्यक्रम तयार गरि गरिबी न्युनीकरणमा ठोस योगदान पुर्याउने योजना बनाई कार्यान्वयन गरिने छ।
- भौतिक पूर्वाधार, समाजिक, आर्थिक तथा वन वातावरण एवं संस्थागत सेवा सुधार जस्ता कार्यक्रम अन्तरगत पूर्ण सरसफाई, सार्वजनिक शौचालय फोहोरमैला व्यवस्थापन सामुदायिक भवन ,सडक ढलान, नाला निर्माण एवं सार्वजनिक निर्माण जस्ता कार्यक्रम संचालन गर्न निजी क्षेत्र समेतसंग सहकार्य गरी संचालन गरिने नीति अवलम्बन गरिनेछ।
- सूचना सबैका लागि भन्ने अवधारणाका साथ गाँउपालिकाको Website लाई व्यवस्थित गरी गाँउपालिका सँग सम्बन्धित सुचनाहरु उक्त Website मा राखिने गरिएको छ र चालु आ.व. भित्र सम्पूर्ण वडा कार्यालयहरुलाई डिजिटल प्रविधि संग जोड्ने कार्य अगाडि बढाईने छ ।
- राजस्व, घर नक्सा पास, पञ्जिकरण लगायत गाँउ कार्यपालिकाको कार्यहरुको अभिलेख कम्प्युटरकृत गर्ने प्रयास गरिनेछ ।
- गाँउकार्यपालिकाको सिमित श्रोत भएको कारणले गर्दा थप श्रोत जुटाउन Matching Fund को व्यवस्था गरी प्रर्याप्त मात्रामा वजेट ल्याउन पहल गरिने छ ।
- गाँउकार्यपालिकाको आन्तरिक श्रोतलाई बृद्धि गर्न राजस्व संकलनको सम्भाव्यताबारे प्राप्त भएको अध्ययन प्रतिवेदनको आधारमा आगामी आ.व. २०७९/०८० देखि करको दायरा फराकिलो बनाई गाँउपालिकाको अधिकार क्षेत्र भित्र परेका करहरु संकलन गर्न राजश्व सुधार कार्ययोजनाको अधिनमा रही उचित व्यवस्था मिलाईनेछ ।
- नेपाल सरकारद्वारा लागु गरिएका स्वास्थ्य बीमा कार्यक्रमलाई तदारुकतासाथ संचालनमा ल्याईनेछ।

CamScanner

- स्वास्थ्य सेवामा सहज पहुचका लागी सम्बन्धित निकायसँग समन्वय एवं सहकार्य गरी स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक र चेतना मुलक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गर्नुका साथै महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहित गर्दै लगिने छ।
- परवानीपुर गाउपालिका भित्र थप एक स्थानमा ल्याब संचालन गरिनेछ।
- परवानीपुर गाउपालिका भित्र उपयुक्त स्थानहरुमा Birthing Centre संचालन कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।
- कृषिक्षेत्रको व्यवसायिक एवम आधुनिकीकरण गर्न साना सिचाई , स्यालो ट्यूबवेल बोरिङ्ग तथा यस परवानीपुर गाँउपालिका भित्र भई रहेको मेवा तथा स्वेजनको खेतिलाई थप विस्तार गरिनेछ।
- परवानीपुर गाँउपालिकामा अवस्थित औधोगिक प्रतिष्ठानहरुसँग समन्वय तथा सहकार्य गरी Social Corporate Responsibility (SCR) को लागि प्रयास गरिनेछ।
- पछिडिएका समुदायको उत्थानको लागी आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ।
  - शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिवृद्धि गर्न सेवाको गुणस्तरमा अभिवृद्ध मिलाइनेछ ।सीपमुलकयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।
  - स्वस्थ्य अनुशासित तथा सिर्जनशिल युवा शक्ति युवा उत्पादन गर्न खेलकुद क्षेत्रको विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।
  - गाउँपालिकालाई वातावरणमैत्रीलैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन ,अपाङ्गमैत्री ,प्रविधिमैत्री ,बालमैत्री , गरिनेछ ।
  - गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको सयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण अनुगमन तथा मुल्याङ्कनलाई ,प्रभावकारी रुपमा लागु गरिनेछ
  - गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा"(Service With Smile) को नीति अवलम्वन गरिनेछ ।
  - सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।
  - पारदर्शिता ,नागरिकमैत्री ,कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री ,इमान्दारिता ,जवाफदेहिता , बेरुजु रहित बनाइनेछ । ,भ्रष्टाचार रहित
  - प्रशासनिक काम कारवाहीलाई सरलप्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ । लामो र ,चुस्त , झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ ।
- चालु आ.व. २०७८/०७९ मा कार्यादेश दिई संचालन भई सम्पन्न भएका योजनाहरुको आवश्यक प्रक्रिया पुरा गरी नियमानुसार भुक्तानी गरिने छ र सम्पन्न हुन नसकेका योजनाहरुको नियमानुसार म्याद बढीमा ६ महिना थप गरी सो को दायित्व सिर्जना गरी आगामी आ.व. २०७९/०८० मा भुक्तानी गरिने छ।
- गाँउकार्यपालिको दैनिक कृयाकलापहरुलाई जनमुखी, सेवामुखी बनाउन उपयूक्त वातावरण सिर्जना गरिनेछ।
- सेवाग्राहीलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ। कार्यालयले आफै र आफ्नो कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणात्मकता, गुनासो व्यवस्थापन, प्रशासनिक काम कार्यवाही सिमित जनशक्तिद्वारा चुस्तदुरुस्त तरिकाले सेवा प्रदान गर्दै आइरहेका काज

CamScanner

तथा दरवन्दीमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम संचालन एवं निजहरुलाई थप उत्तरदायि बनाउने उदेश्यले उत्कृष्ट कर्मचारीलाई पुरस्कार तथा सम्मान गरिने व्यवस्था मिलाईने छ ।

- गरीबी निवारण कोष मार्फत संचालित कार्यक्रम ताका गठित सामुदायिक संस्थाहरुको घुम्तीकोषमा रहेको रकमलाई व्यवस्थित गर्न सहकारी गठन प्रकृयामा विशेष जोड दिईनेछ ।
- वडा कार्यालयको नियमित कार्य कम्प्यूटरकृत गरिनेछ ।
- यस गाउँपालिका भित्र छरिएर रहेका सानामहिला ,बिभिन्न कृषि समुह ,संघ संस्था ,सहकारी ,ठूला व्यवसायी , मुल्यांकन तथा सुपरिवेक्षण गरि करको ,क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन ,आमा समुह ,समुह दायरामा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिमसेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन ,गोष्ठी , लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।
- गाउपालिका लाई प्लास्टिक खेतीमा Organic रसायन मुक्त वनाइ,विशेष जोड दिईने छ ।
- भन्ने मूल नीति अवलम्बन गरिनेछ । "आफैं बनाउँ ,आफ्नो गाउपालिका"
- गाउँपालिका भित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमनसुपरिवेक्षण तथा मुल्याङ्कन गरी योजना , निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई ,ठेकेदार ,सम्झौता बमोजिम कार्यान्वयन नगर्ने कम्पनि कानुनको दायरमा ल्याई कारवाहि प्रकृया अगाडी वढाइनेछ साथै सम्झौता वमोजिमको काम नभएको देखिएमा क्षतिपूर्ति कारवाहीको दायरामा ल्याइनेछ ।
- गाउपालिकालाई कामको प्रकृति अनुरुप आवश्यक परेको खण्डमा कर्मचारी सेवा करारमा , करार सेवा ) प्रतिप्पर्धाको आधारमा भर्ना गर्न सकिने छ ।
- गाउपालिकाले संचालन गर्ने जस्तो सुकै योजनाहरुलाई प्राथमिकताको आधारमा( on the basis of priority , $p_1p_2$............) संचालन गरिने ।
- गाउपालिकाको लागि आवश्यक पर्ने कार्यालय संचालनको लागि सवारी साधन ,हेभीइक्यूमेन्ट ,एमबुलेन्स खरीदगर्न सक्नेछन ।
- वजेट अपुग रहेका योजनाहरुलाई आन्तरिक श्रोतवाट पनि अपुग हुन गएमा दातृ निकाय, प्रदेश सरकार र केन्द्र सरकार संग समनवय गरी बजेट मागं गरिनेछ ।
- बिधालयबाट बाहिर रहेका बालवालिकाहरुको लागि शिक्षामा पहुच कार्यकम gateभाई बहिनीहरुका लागि वहिनीका लागि दिदी कार्यक्रमहरु संचालन गरिने ।
- गाँउपालिका विकाश कोषको स्थापना गरिने छ ।
- सबै वडालाई जोडन एउटा पकि रिङ रोडको अवधारणा विकाश गरिनेछ ।
- विपद्ध व्यवस्थापन गर्न विभिन्न कार्यकम तथा गा.पा. मा एउटा वरुण यन्त्रको व्यवस्था गरिछ ।
- सबै वडाको गा.पा. स्तरिय गुरु योजना बनाई योजना संचालन गरिनेछ ।
- पालिका स्वास्थय बिमा , गुण्स्तरिय स्वास्थय सुरक्षा जस्ता कार्यकमलाई प्राथमिकतामा राखेको छ।
- गाउपालिकालाई पूर्ण साक्षर गराउन आवश्यक कार्यविधि अवलम्बन गरि आवश्यक कदम चालिने छ
- घर घरमा रोजगारी, हरेक वडामा सहकारीको अवधारणा अनुरुप सहकारी व्यवस्थापन तथा स्तरोन्नतिमा जोड दिईनेछ ।

CamScanner

- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
- आम संचार एन निति निर्देशिका र कार्यविधि र दिगदर्शन निर्माण गरिनेछ ।
- यस पालिका क्षेत्र भित्र विभिन्न पदीय ( जस्तै : मंत्री, सांसद, संविधान सभा सदस्य, पूर्व गा.वि.स. अध्यक्ष, सार्वजनिक प्रयोजनका लागि जग्गा दान गर्ने व्यक्ति तथा उच्च पदस्थ राष्ट्रसेवक कर्मचारी आदि ) दायित्वमा रही विशेष योगदान गर्ने व्यक्तिहरुको सम्मानको लागि आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

**सामान्य प्रशासन नीति**

✓ गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधालाई व्यवस्थित र समयानुकुल संचालन गर्न आ.व. २०७८/०७९ मा गाउँपालिकाको आफ्नै भवन निर्माण गर्ने लक्ष्य लिईएको भएतापनि विभिन्न कारण सो निर्माण कार्य सम्पन्न हुन नसकेकोले आ.व. २०७९/०८० मा उक्त निर्माण कार्य अनिवार्य रुपमा सम्पन्न गरी गाउकार्यपालिकाको कार्यालयको कार्य आफ्नै गाउँपालिका भवनबाट अगाडि बढाईनेछ ।

✓ गाउँपालिकाको जनप्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालीम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिने छ ।

✓ गाउँपालिकाबाट उपलब्ध गराइने सेवाग्राही सँग सम्बन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज वनाउन पहल गरिनेछ ।

✓ गाउँपालिकाबाट संचालन हुने निर्माण कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वार्डमा भईरहेको प्राविधिकको व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

✓ गाउँपालिकास्तरमा हुने नापीको कार्यलाई सहज बनाउन करार सेवामा सर्वेक्षक भर्ना गरिनेछ ।

✓ नेपाल सरकारद्वारा स्वीकृत कर्मचारी दरबन्दी तेरिज अनुसार रिक्त रहेको पदहरुमा आवश्यकता अनुसार सेवा करारमा जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सहज बनाईनेछ ।

✓ गाउँपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याईनेछ ।

✓ गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ एकद्धार प्रणालीबाट उपलब्ध गराइनेछ ।

✓ कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन विधि प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरण तथा पुरस्कृत पद्धतिबाट सोको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

✓ न्याक समितिका कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागी बजेट विनियोजन गरिने छ ।

**गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न कोषहरु जस्तै** : मानव संसाधन विकास कोष, विपद व्यवस्थापन कोष, प्रकोप व्यवस्थापन कोष, जोखिममा परेका महिला बालबालिका संरक्षण कोष, वातावरण संरक्षण कोष, अध्यक्ष राहत कोष , खेलकुद विकाश कोष लगायत विशेष कोषहरु स्थापना गरिनेछ । यी कोषहरु संचालन गर्न कार्यविधी बनाई क्रमश कार्यान्वयनमा लगिनेछ ।

✓ मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि गाउँपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

CamScanner

✓ सुशासन र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने व्यवस्था मिलाउदै लगिनेछ ।

## राजश्व तथा आर्थिक प्रशासन नीति

✓ गाउँपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यवस्थापन गरी गाउँपालिकाको आन्तरिक स्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरिने छ ।

✓ गाउँपालिकाको स्वायत्त अधिकार भित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति वनाई स्रोत साधन परिचालन गरिने छ ।

✓ आन्तरिक स्रोततर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुलीलाई प्रभावकारी बनाई गाउँपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईनेछ ।

✓ व्यबसाय कर, बहाल कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ ।

✓ करदाताहरुको वर्गिकरण गरी करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिब्रता दिईने छ । साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिने छ ।

✓ गाउँपालिकामा रहेका निर्माणका मेशिन तथा औजारहरु अधिकतम उपयोगबाट आय स्रोत बढाइने छ ।

✓ हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि समिति मार्फत (विज्ञहरुको परामर्शमा) फर फारक नीति वनाइ शुन्यतामा लगिनेछ ।

✓ गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन अनिवार्य रुपमा व्यवसाय दर्ता गरी कर संकलन प्रणालीलाई प्रभावकारी वनाउदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

✓ सेवाग्रहीले अन्य निकायबाट सेवा लिदा गाउँपालिकाको कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकाय सँग समन्वय गरिनेछ ।

✓ गत आ.व. सम्म बाँकी रहेका मालपोत वक्यौता रकम एक पटकका लागि आगामी २०७९ साल पौष मसान्त सम्ममा तिर्न आएमा तिरेको मिति सम्मको लाग्ने सम्पूर्ण जरिवाना रकम मिनाहा गरी मालपोत असुली लाई व्यवस्थित गरिनेछ ।

✓ गाउँपालिका तथा वडा कार्यालय बाट उठने सबै किसिमको राजश्व साउन १ गतेदेखि अनलाइन स्फटवेर प्रणाली बाट सञ्चालन गरिनेछ ।

## गाउँ पुर्वाधार तथा भौतिक संरचना विकास निति

✓ गाउँक्षेत्र भित्र पुराना बस्तीहरुमा थप सडक ढलान, नाला निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ । साथै कृषि सडक लाइ स्तरउनती गरिनेछ ।

✓ वारा जिल्ला धार्मिक एवं साँस्कृतिक पहिचान बोकेको जिल्ला हो । यहाँ पर्यटन विकासको पनि सम्भावना रहेको र सोको लागि पिकनिक स्पोर्ट निर्माणको लागि अध्ययन कार्य सम्पन्न गरी आगामी वर्षमा निर्माण कार्य सम्पन्न गरिनेछ ।

✓ गाउँ क्षेत्र भित्रका सडकहरुको गुरुयोजना तथा नगर योजना तयार गरिनेछ ।

✓ स्थानीय गौरवका योजनाहरुलाई बढी प्राथमिकता दिईनेछ ।

✓ परवानीपुर गाउपालिकाको क्षेत्र भित्र सार्वजनिक बाटो कायम भईसकेको क्षेत्र भित्र जुन सुकै बखत नाला निर्माणको लागि ३/३ फिट जग्गा अधिग्रहण गर्न सकिनेछ ।

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।

CS CamScanner

- गाउँपालिका सम्पूर्ण क्षेत्र भित्र नाला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ लगिनेछ ।
- गाउपालिका अन्तरग गाउपालिका भवन तथा वडा कार्यालयको भवन निर्माणको लागि आवशयक व्यवस्थाको लागि पहल गरिने छ ।
- पकि सडक बनाउदाँ कम्तीमा २० फिट चौडा लाई प्राथमिकता दिनेछ।
- गाँउपालिका भित्रको सबै सडकलाई आ.व. २०७९/०८० सम्ममा कम्तीमा ग्राभेल गरिनेछ।
- भौतिक संरचना सुधार गरि गाँउपालिका अन्तरगत आवशयक कलभट पुल पानि निकाशको लागि आदि Damp | संरचनाको बिकाश गरिनेछ
- गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण घर भुकम्प प्रतिरोधि मात्र बनाइनेछ । साथै एक घर दुई विरुवा अवधारणा लयईनेछ ।
- निजी उपभोगमा रहेको सार्वजनिक सम्पतिलाई गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।
- पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरुको आगावमनमा सहज पहुँचको व्यवस्था गर्न सडक संजालको व्यवस्था गरिनेछ ।

**सिंचाईः**

- खेतियोग्य सुक्खा जमीनमा आधुनिक प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सिचाईका लागि आवश्यक दमकल ) pumping set ), बोरिङमोटर आदि किसानलाई सहुलियत अनुदानमा उपलब्ध , | गराइनेछ
- सिचाईका लागि बाँध पैनि नहर तथा नदिलाई व्यवस्थापन गरिनेछ ।

**उर्जा**

- उर्जा क्षेत्रको विकासको लागि बैक्लपिकउर्जा जस्तै सोलार ,प्राकृतिक ग्यास जस्ता श्रोत पहिचान गरी गाउपालिका क्षेत्र भित्रलागु गरिने छ।
- अतिविपन्न ,लक्षितवर्ग एकल महिला तथा सहिद परिवारको लागि ग्यास चुलो सिलीन्डरको सेट बितरण गरिने छ।
- सुधारीएको चुल्हो तथा गोबर ग्यास सम्बन्धि व्यस्थापन गरिने छ।

**<u>फोहोर मैला तथा वातावरण व्यवस्थापन नीति</u>**

- ✓ यस परवानीपुर गाउपालिका भित्र पूर्ण सरसफाई कार्यक्रम संचालन गर्न विशेष योजना कार्यान्वयन गरिनेछ। सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ।
- ✓ चर्पी निर्माण हुन बाँकी रहेका सम्पूर्ण घरधुरीमा अनिवार्य रुपमा चर्पी निर्माण गरिनेछ।
- ✓ वातावरणीय हिसावले स्वच्छ र हराभरा राख्न विशेष सरसफाई तथा बृक्षारोपण योजनालाई आगामी आ.व. मा थप प्रभावकारी रुपले संचालन गरिनेछ। यस आ.व.मा बजार क्षेत्रका प्रत्येक घर पसललाई निजहरुको सहभागिता र कार्यपालिकाको साझेदारीमा डस्टविन राख्ने कार्यक्रम लाई प्रभावकारी बनाईनेछ ।
- ✓ गाउँक्षेत्र भित्र लामखुटे नियन्त्रण कार्यलाई प्रभावकारी पार्न बर्षमा ६ पटक औषधि छर्किने कार्यक्रम गरिनेछ ।
- ✓ यस गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिका बनाउन यसै आ.व. देखि आवश्यक नीति तथा वातावरण मैत्री सुचकको अवलम्बन तथा नियमन गरिनेछ।

CS CamScanner

- ✓ कलकारखानाबाट उत्पादित वातावरणीय प्रदुषणलाई न्यूनिकरण गर्न उक्त कारखानाहरुमा अनिवार्य रुपमा बृक्षारोपण गराउने नीति अवलम्बन गरिनेछ ।
- ✓ सडक तथा नहर किनार बृक्षारोपणमा विशेष जोड दिईनेछ ।
- ✓ प्रत्येक वडामा फोहर संकलनका लागि डस्टविन वितरण गरी ट्र्याक्टर परिचालन गरी डम्पिङ्ग साईट छनौट गरी व्यवस्थापन गरिनेछ ।
- ✓ गाउपालिकास्तरीय सरसफाईको लागि स्वीपर भर्ना गरिनेछ ।

- **खानेपानी तथा सरसफाई:**
- स्वच्छ खानेपानिमा परवानीपुरबासीको पहुँच अभिवृद्धि गरिनेछ । प्रत्येक वडामा आवश्यक चापा कल )Hand pipe) तथा पानि टकी को व्यवस्थापन गरिने छ ।
- खानेपानी वितरणको लागी पहल गरिनेछ।
- **संस्कृति प्रवर्द्धन:**
- गाउँपालिकाको कलाधर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ । ,भाषा ,सँस्कृति ,
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्तु शिलालेख ,दरगाह ,मस्जीद ,मठ मन्दिर ,संरचना , जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण तथा मर्मत सम्भार गरिनेछ ।
- धार्मिक यात्रिहरुलाइ विशेष सहयोगको व्यवस्था गरिनेछ ।
- स्थानीय भाषा (भोजपुरी ) को संरक्षण ,सबर्दन र विकासको लागि कार्यक्रम संचालन गरिनेछ।
- प्रत्येक वडामा एउटा फन पार्कको निर्माण गरिनेछ।

**<u>शिक्षा , स्वास्थ्य, सामाजिक क्षेत्र तथा गरिवी न्युनिकरण</u>**

- ✓ जेष्ठ नागरिक हाम्रो समाजको अमुल्य सम्पति हुन । यहाँहरुको बाँकी जिवन मर्यादित र सम्मानपुर्वक जिवनयापनका लागि जेष्ठ नागरिकको संरक्षरण र सम्मान गर्नका लागि रकम विनियोजन गरिनेछ ।
- ✓ जेष्ठ नागरिक, विपन्न ,दलित ,अपाङ लगायतको लैङ्गिक रुपमा जोखिममा परेकाहरुलाई आपतकालिन संरक्षण कोषको स्थापना गरिनेछ। यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ लागु गरिनेछ ।
  बालबालिकाहरु भविष्यको कर्णधार मात्र होइनन बर्तमानका साझेदार पनि हुन त्यैसेले बालबालिकाहरुको हित संरक्षणको लागि बालक्लव संजाल गठन र क्रियाशिल र बालश्रम उन्मुलन गरि गुणस्तरिय शिक्षा दिक्षामा सहयोग पुरयाउने निति अवलम्वन गरिनेछ ।
- ✓ महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको उच्च कदर गर्दै आगामी आ.व. देखि प्रोत्साहन भत्ताको रकममा मासिक रु. २००० लाई निरन्तरता दिईनेछ। साथै सेवा अवधिमै मृत्यूवरण गर्ने स्वयंसेविकाको परिवारलाई किरिया खर्चवापत रु. ३१०००|- अन्य सामाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराईनेछ।

- **शिक्षा:**
- जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ
- पालिका भरीका सबै मा.वि.को लागी विज्ञान प्रोगशाला (Science Lab) तथा Computer Lab को स्थापना गरिनेछ ।
- प्रत्येक प्राथमिक विधालयलाई लाई वालमैत्री नमुना विधालय बनाईनेछ । साथै कमतिमा एउटा मावि विधालयलाइ नमुना विधालय निर्माण गरिनेछ ।
- सबै विधालयमा अङग्रेजि भाषा व्यवस्थापन गर्न शिक्षकहरुलाई विशेष तालिम दिनेछ ।

CamScanner

- पालिका भरिका सबै विधालयमा गुणस्तरिय खानेपानि,विधुतिकरण, चर्पि,खेलकुद सामग्री को व्यवस्थापन गरिनेछ ।
- सबै विधालयलाई डिजिटल बनाईने छ ।
- लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिने छ ।
- विद्यार्थीहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्न सम्पुर्ण माध्यमिक विद्यालयहरुमा कम्प्युटर शिक्षाको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाअन्तर्गत रहेका बिधालयलाई आवश्यकपर्ने भौतिक पुर्वधार विकाशको लागि पहल गरिने छ ।
- विधालयमा शिक्षक दरबन्दी मिलान गरिने छ ।

✓ शिक्षक दरबन्दी तेरिज अनुसार शिक्षक संख्या एकदमै न्यून भएकोले गाउँपालिकाबाट थप गाउँपालिका शिक्षक भर्नाको लागि बजेट विनियोजन गरिनेछ ।

✓ विद्यार्थीहरुमा सानै उमेरदेखि उद्यमशीलता विकास गरी आत्मनिर्भर बनाउने उदेश्यले एक माध्यमिक विद्यालय एक उद्यम कार्यक्रम परिक्षणको रुपमा भोजभगत मा बि लिपनीमालमा कार्यान्वयन गरिनेछ । जस अन्तर्गत एकल वा समुहमा संचालन गर्ने गरी विद्यार्थीले कुनै उद्यम/ व्यवसाय सम्बन्धि परियोजनाको प्रस्तावना पेश गरेमा seed money को रुपमा निश्चित रकम अनुदान स्वरुप प्रदान गर्न निश्चित वजेट विनियोजन गरिनेछ ।

✓ सार्वजनिक विद्यालय सबलीकरण गर्ने उद्देश्यले प्रति वर्ष एक वटा आधारभारभुत विद्यालयलाई नमूना आधारभुत विद्यालयको रुपमा विकास गर्दै जाने नीति लिइनेछ र सोको लागि न्युनतम पुर्वाधार पूरा गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

✓ यस गा.पा. अन्तर्गत सबै वालवालिकाहरुलाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका वालवालिकाहरुको विस्तृत सर्वेक्षण गरी विद्यालयमा भर्ना तथा निरन्तरताका लागि कार्यक्रम/कृआकलापहरु तर्जूमा र कार्यान्वयन गर्न तयार पारिएको समता रणनीति कार्यान्वयन योजना (Equity strategy implementation plan ) स्वीकृत गरी लागु गरिनेछ ।

- सामुदायिक विधालयका छात्राहरु मध्ये उत्कृट छात्रालाई समान तथा प्रोत्साहन गरिने छ ।
- गाउपालिका अन्तर्गत सवै सामुदायिक विद्यालयहरुमा छात्र र छत्राको छुटा छुटै शौचालयको व्यवस्था गरि पानिको सुलभ व्य,वस्था गर्दै माविधालयहरुमा छात्राहरुको लागी सेनेटरी पैड व्यवस्थापन गर्ने व्यवस्था गरिने .वि. छः
- बाल विकास केन्द्रको कक्षा कोठा बालमैत्री हुने गरि निर्माण तथा बालमैत्री सामाग्री द्वरा व्यवस्थापन गर्ने
- बालविकास केन्द्रका शिक्षिकाहरुलाई बालविकास केन्द्र लाई अझै व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि आवश्यक तालिमको व्यवस्था गर्ने
- Gender balance violence(GBV) तथा Gender Equality and social inclusion(GESI) लाई प्राथमिकता साथ सामुदायिक स्कुलहरुमा लागु गरिनेछ
- गाउपालिकाका सबै विधालयहरुलाई बिधयालय शान्ति क्षेत्र )School zone of pceace ) घोसणा गर्ने आवश्यक अभियान संचालन गर्ने

CS CamScanner

- विज्ञान क्षेत्र को विकास को लागि आवश्यक उपकरणहरुको व्यवस्था तथा प्रयोग लाई ध्यान दिदै आवश्यक कार्यक्रम सन्चालन गरिनेछ
- अंग्रेजी विज्ञान र,गणीत विषयको दौतरी तथा Coaching, को माध्यम बाट कक्षाहरु संचालन गरिनेछ .
- गाउपालिका अन्तरगतका विद्यालयहरुको आवश्यक पृवधार निर्माण गरि उच्च शिक्षाको लाई पहल गरिने छ
- अध्यक्ष स्तरिय प्राविधिक तथा अप्राविधिक शिक्षा योजना अन्तर्गत पालिका भित्रका रहेका सरकारी विधालयबाट एस ई ई मा पालिका १ देखि १० टप गर्ने विधार्थीहरुलाइ छात्रवृतीको व्यवस्था गरिनेछ साथै प्राविधिक शिक्षाको पुर्व तयारिका लागी छात्रवृतिको लागी वजेट विनियोजन गरिनेछ ।
- **स्वास्थ्यः**
- गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरिने छ ।
  छ । सो को पूर्वाधार निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ ।
- पालिका भरी किटनाशक औषधी छर्न व्यवस्थापन गरिनेछ ।
- सबै स्वास्थय चौकिमा गुणस्तरिय खानेपानि, चर्पी, सञ्चार तथा विधुतको व्यवस्थापन गरिनेछ ।
- प्रत्येक स्वास्थय चौकिमा एउटा एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।

✓ स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ ।

✓ महिलाहरुको स्वास्थ्यमा सुधार तथा असहाय गाउँ वासीहरुको स्वास्थ्य संरक्षण कार्यक्रम संचालन गरिनेछ । सो कार्यक्रम संचालन गर्न विशेषज्ञ प्राविधिकको सहयोगमा स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

✓ गाउँ भित्रका कला संस्कृति प्रवर्द्धन कार्यक्रममा जोड दिईनेछ ।

✓ विषादिरहित प्रविधिबाट तरकारी खेती गरी मानव स्वास्थ्यमा टेवा पुरयाउने एउटा नमुना वडा छनौट गरि तालिम प्रविधि हस्तान्तरण कार्यक्रम गरिनेछ ।

✓ अध्यक्ष वालिका उत्थान योजना, अध्यक्ष नेत्र ज्योति योजना तथा अध्यक्ष जीवन रक्षा योजनालाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

✓ अध्यक्ष वालिका सगुन योजना अन्तर्गत स्नातक उतिर्ण गराएर छोरीको बिहे गर्ने गरिब असहाय परिवारलाई रु. ५१,०००।०० उपलब्ध गराईने छ ।

✓ वहु क्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन थप बजेट विनियोजन गरिनेछ ।

✓ सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासी लाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

✓ गाउँपालिकामा रहेका कम्तिमा तीन वटा स्वास्थ्य सस्थाहरूको मापदण्ड अनुसारको भबन निर्माणको प्रकृया अगाडि बढाइने छ ।

✓ कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिने छ र कोभिड १९ खोप कार्यलाई विषेश प्राथमिकतामा राखी कार्य गरीने छ ।

✓ स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।

CamScanner

- ✓ महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक भत्ता तथा सहयोग सामाग्रीको ब्यवस्था गरिने छ ।
- ✓ दुई वर्ष मुनिका बालबालिकामा कुपोषण हुनबाट जोगाउन र वृद्धि अनुगमन बढाउँन थप आहार वितरण कार्यक्रम कार्यलाई प्रारम्भ गरिने छ ।
- ✓ पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यलाई निरन्तरता दिईनेछ ।
- ✓ उच्च रक्तचाप, मधुमेह, नसर्ने रोगको निशुल्क औषधि वितरण गरीनेछ ।
- ✓ स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु बाटै विधुतीय माध्यमबाट अभिलेख राखि प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment- RDQA), न्यनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS- Assessment) र समिक्षा कार्यलाई ब्यवस्थित बनाइने छ ।
- ✓ न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ । स्वाथ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नको लागी आवशयक तालिम दिईनेछ तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ ।
- ✓ महिला स्वास्थ्य सुधार गर्नको लागी पहुच भन्दा टाढाको बस्तिमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरीनेछ ।
- ✓ गाउँपालिका बासिहरुको स्वास्थ्य प्रर्बधन गर्न पंचकर्ममा जोड दिनुको साथै योग तथा ध्यान सिबिर संचालन गरिनेछ ।
- ✓ स्थानिय स्वास्थ्य सस्थाहरुलाई ब्यवस्थित गर्न तथा शुशासन कायम गर्न स्थानिय स्वास्थ्य सस्था सचालन तथा ब्यवस्थापन समितिलाई क्षमता अभिबृधि गरिनेछ ।
- ✓ स्वास्थ्य संस्था अन्तर्गत रहेका आमा समुहहरुको नियमित बैठक संचालन गरीनेछ ।
- ✓ महिलाहरुमा पाठेघरको समस्या पता लगाई सोको समाधानका लागी विशेषज्ञ डा. सहितको निःशुल्क पाठेघर शिविर संचालन गरीनेछ ।
- ✓ परिवार नियोजन सेवाको पहुँच बढाउन ग्रामिण भेगमा निः शुल्क महिला तथा पुरुष बन्धयाकरण शिविर संचालन गरीनेछ ।
- ✓ स्वास्थ्य संस्थाको सेवा गुणस्तरीय र सेवा प्रवाहमा सहजरुपमा प्रदान गर्न स्वास्थ्य चौकीहरुको मर्मत तथा संभार गरीनेछ ।
- ✓ स्थानिय स्तरमा सुशासन व्यवस्थापन र पार्दर्शिता कायम गर्न नियमित रुपमा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परिक्षण गरीनेछ ।
- ✓ विगतमा नेपाल सरकारको ससर्त अनुदान शिर्षकबाट संचालित स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत्त कर्मचारीहरुलाई नियमानुसार करार म्याद थप नियमित्ता दिने र सोको व्यवस्थापन गरीने छ ।

CS CamScanner

- ✓ गाउँपालिकाको वडा न. १ नव निर्मित बर्थिगं सेन्टर संचालनमा ल्याउन नर्सिंग कर्मचारीहरुको व्यवस्थापन तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गरि मा संचालन गर्ने व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकाको वडा न. २ मा निर्माणाधीन बर्थिगं सेन्टरको कार्य सम्पन्न गरि संचालनमा ल्याईनेछ ।
- ✓ गाउँपालिकाको वडा न. ४ र ५ मा निर्माणाधीन स्वास्थ्य संस्थाहरु कार्य सम्पन्न गरिनेछ ।
- ✓ स्वास्थ्य संस्थाहरुको नियमित कामकाज तथा विधुतिय माध्यमबाट गरीने क्रियाकलापहरुका लागी चाहिने अत्यावश्यक ईन्टरनेट सुविधा र प्रशासनीक खर्चको व्यवस्थापन गरीने छ ।
- ✓ स्वास्थ्य संस्थाहरुको नियमित कामकाज विधुतिय माध्यमबाट गर्न सम्पूर्ण सेवा डीजितालाईज गरीने छ ।
- ✓ खोप तथा गाउँघर क्लिनिकहरुलाई संचालन तथा व्यवस्थापन गर्न दुई स्थानमा सामुदायिक भवनको निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- ✓ खोप तथा गाउँघर क्लिनिकहरुलाई व्यवस्थित गर्न चाहिने अत्यावश्यक फर्निचरहरु व्यवथा गरीने छ ।
- ✓ स्वास्थ्य संस्थाको सेवा अझै छिटो छरितो प्रवाह गर्न हाललाई फिल्डको कार्यक्रम संचालन गर्न स्वास्थय संस्थाहरुमा यातायातको व्यवस्थापन गरीने छ ।
- ✓ गाउँवासीहरुलाई सर्वशुल्भ सुपथमुल्यमा औषधी उपलब्ध गराउन गाउँ फार्मेसीको स्थापना तथा संचालन गरीनेछ ।
- ✓ गर्भवती जाँच बढाउन तथा प्रोत्साहन गर्न विशेषज्ञ सहितको गर्भवती जांच सेवाको व्यवस्था गरीनेछ ।
- ✓ सुतकेरीहरुको लागी निशुल्क एमबुलेन्शको व्यवस्था मिलाइनेछ ।
- ✓ उपाध्यक्ष निशुल्क उपचार योजना अन्तर्गत ज्येष्ठ नागरिक असाहाय गरिव अपाङ्ग एकल महिलाको लागी दक्ष अस्पताल सगं सम्झौता गरि उपचारमा विशेष सहायता को व्यवस्था मिलाइनेछ ।
- ✓ उपाध्यक्ष स्तरिय योजना अनतर्गत महिलाहरुको लागी पाठेघर सम्बन्धि निशुल्क चेक जाच तथा अप्रेशनको व्यवस्था मिलाइनेछ ।
- ✓ स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग, दिर्घरोग को उपचार तथा रोकथाम, दाँत तथा मुख सम्बन्धि तालिमको व्यवस्थापन गरीनेछ ।
- ✓ घरघरमा स्वास्थ्यकर्मी गई सुत्केरी जाँचकार्य लाई व्यवस्थापन गरीने छ ।
- ✓ प्रत्येक वडामा दुई जना सामुदायिक स्वास्थ्यकार्यकर्ता (हे.अ. र स्टाफ नर्स) भर्ना गरि जेष्ठ नागरीक तथा अशक्त व्यक्तिहरुलाई स्वास्थ्य सेवाको अनुभुती तथा उपभोग गराउन घरघरमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँचको व्यवस्था गरीने छ ।
- ✓ यस आ.व. मा कम्तिमा थप एक स्थानमा ल्याब सेवा विस्तार गरिने छ ।
- ✓ गापा उपाध्यक्ष निशुलक उपचार योजना अनतरगत ज्येषठ नागरिक असाहय गरिव अपाङ्ग एकल महिला को उपचारको लागी दक्ष अस्पताल सगं सम्झौता गरि सहायता रकम उपलबध गराइनेछ ।
- ✓ उपाध्यक्ष निशुलक रगत योजना पालिका भित्रका बिरामीहरुको लागी निशुल्क

## ार्थिक तथा राजस्व नीति

- ✓ गाउँपालिकाको आय स्रोतको लागि लगाईने कर ,शुल्क ,दस्तुर आगामी आ.व.मा बृद्धि नगरी यथावत राखिनेछ । यसका लागि राजस्व परामर्श समिति उद्योग बाणिज्य संघ, व्यवसायीहरु तथा सरकारी तथा गैरसरकारी लगायत सम्बन्धित निकायहरु सँग सहकार्य गरिनेछ ।

CamScanner

- ✓ गाँउपालिकाबाट उठेको कर गाँउवासीकै विकासको लागि हो भने प्रत्याभुत्ति गराउन समयमै कर तिर्न उत्प्रेरित गर्न कर दाता तथा यसमा खटिएका जनशक्तिलाई जागरुक बनाउन शिक्षा अभियान तथा क्षमता विकास गरी प्रोत्साहित गरिनेछ ।

## सुसासन प्रवर्द्धन एवम संगठन विकास निति

- ✓ गाँउपालिकाले आफ्ना उत्तरदायित्वहरु प्रवभावकारी रुपमा निर्वाह गरी जनता लाई छिटो छरितो रुपमा सेवा प्रवाह गर्न थप प्रयास गर्नेछ । यसका लागि कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ सम्पूर्ण वडा कार्यालयहरुलाई पूर्ण रुपमा सुविधा सम्पन्न बनाईने छ ।
- ✓ गाँउ कार्यपालिकाबाट सम्पादन हुने कार्यक्रम, सेवा प्रवाह तथा विकास निर्माण तथा कार्यक्रमहरुलाई समाजिकरुपमा जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनवाई तथा गुनासो सुनवाई जस्ता विधिहरु अपनाई स्थानीय सरकारलाई जनता प्रति थप जिम्मेवार र जवाफदेही बनाइने छ ।

## सुचना संचार निति

- ✓ आम नागरिकलाई सु-सुचित गर्ने उदेश्यले सुचना र संचार क्षेत्रको विकासको लागि सहयोग गर्ने नीति लिईने छ र सुचना प्रविधिको विकास गर्नुका साथै यसका लागि पत्रकारहरुको क्षमता विकासका लागि सहकार्य गरिने छ ।
- ✓ गाँउपालिकाको गतिविधि प्रकाशित गर्नको लागि कार्यालय भित्र सुचना डेस्क स्थापना गरी कार्यन्वयन गरिनेछ । सुचनाको हक सम्बन्धि ऐन, २०६४ र नियमावलीलाई पुर्णरुपमा अवलम्वन गर्ने प्रतिवद्ध रहने छौ ।
- ✓ कार्यालययबाट प्रदान हुने सेवा प्रवाहलाई छिटोछरितो र सर्व सुलभ बनाउन कार्यालयमा नागरिक वडापत्र, सुचनापाटी, सुझावपेटीका, नागरिक बहिरगमन अभिमतपत्र व्यवस्था अवलम्बन गरिनेछ ।
- ▪ गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम परवानीपुर बासीले सूचना संचारको भरपुर उपयोग गर्न परवानीपुर गाउँ स्तरीय एफसंचालन तथा ईन्टरनेट सहितको टेलिफोन सेवाका ला .एम.गि आवश्यक पहल गरिनेछ ।
- ▪ पालिका भरि ईन्टरनेट विस्तार गरिनेछ ।
- ✓ सुरक्षालाई धयानमा राखि सार्वजनिक ठाउँमा वाइ फाई जडान गरिनेछ तथा सि.सि.टि.भी. जडान गरिनेछ ।

## संस्थागत तथा मानवीय श्रोत विकास

- ✓ हाल कर्मचारीको चरम अभाव भएको अवस्थामा यस गाउपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको भूमिका सराहनीय भएकोले निजहरुलाई सांगठनिक दरबन्दीमा समावेश गर्ने तथा सेवा सुविधा एकदमै न्यून भएकोमा समय सापेक्ष बृद्धि तहगत एकरुपता कायम गरी दशै खर्च र पोशाक भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईने छ र सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गरी १ वर्षको सम्झौता एकै पटक गरिनेछ ।
- ✓ यस परवानिपुर गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको कामकाजलाइ प्रभावकारी बनाउनको लागि विशेष सल्लाहाकारको व्यवस्था मिलाइनेछ ।

CamScanner

✓ यस परवानीपुर गाउँपालिका भित्र कार्यरत कार्यालय सहयोगी, खरिदार, कम्प्युटर अपरेटर, सवारी चालक लगायतका सेवा करारमा कार्यरत कर्मचारीहरुको मासिक तलव नेपाल सरकारले तोके बमोजिमको आधारभूत तलब मान बराबर (भत्ता बाहेक) निर्धारण गरिनेछ ।

✓ यस पालिकामा कार्यरत शिक्षा श्रोत व्यक्तिको मासिक तलव नेपाल सरकारले तोके बमोजिमको नायब सुब्बा सरहको आधारभूत तलब मान बराबर (भत्ता बाहेक) निर्धारण गरिनेछ ।

✓ जनप्रतिनिधीहरुको कार्य दक्षताको कदर गर्दै जीवज्यानको सुरक्षा गर्ने उद्देश्यले बीमाको व्यवस्था मिलाईने छ ।

✓ नेपाल सरकारको नीति अनुरुप परवानीपुर गाउँपालिकामा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ ।

✓ जनप्रतिनिधीहरुको लागि क्षमता अभिबृद्धि तथा अवलोकन भ्रमणको लागि बजेट विनियोजन गरिनेछ।

✓ गाउपालिका भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी थप बजेट विनियोजन गरि अनिवार्य रुपमा निर्माण कार्य सम्पन्न गरिनेछ ।

✓ स्थानीय तहमा कार्यरत स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधाको हकमा संघीय सरकारले निर्णय गरे बमोजिम हुने छ ।

**सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।
- कर्मचारीहरुको कार्यालय समय पालनासमन्धी आचरण लाई नियमित गर्न लगाइनेछ ।

**२. वित्तीय व्यवस्थापनर सुशासनः**

**राजस्व परिचालनः**

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्वयस्थित तथा सजिलो बनाउन गाउँघरमा नै गई कर संकलन अभियान संचालन गरिनेछ

**• बेरुजु फर्छ्यौटः**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा.वि.स.का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- परवानीपुर गाउँवासीमा गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरप्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ ।

**आदरणिय गाउँसभाका सदस्य ज्युहरु**

अब म गाँउपालिकाको श्रोत साधनले नभ्याउने अत्ति आवश्यक देखिएका केहि पूर्वाधारहरुको विषय प्रस्तुत गर्न चाहन्छु। जसको लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ।

**अन्त्यमा**

यो नीति तथा कार्यक्रम एवम बजेट निर्माणको क्रममा मलाई अहोरात्र खटि सहयोग गर्नुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु ,यस परवानीपुर गाउँपालिकाका समृद्धि एव्म विकासमा सदभाव तथा सहयोग गर्नुहुने सम्पुर्ण राजनीतिक दल ,नागरीक समाज ,शिक्षक, बुद्धिजिवि, महिला ,व्यावसायिक बर्ग ,करदाता ,आम नागरिक, सञ्चार जगत, विषयगत कार्यालय ,सरकारी तथा गैर सरकारी एव्म सामुदायिक संस्था लगायत सम्पुर्ण सरोकारवालामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।



CamScanner

